# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान ब्यूरो
## बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-१०६

**" पुर्पक्षको लागि कारागार चलान "**

**(१)वर्ष ३८ को मो.उज्जल मिया**
**स्थायी वतन:- देश बंगलादेश,मैमानसिंह**
**त्रिशाल थाना-१० मोडवरिया।**

**(२) वर्ष ४३ को मानिक खान**
**स्थायी वतन:- देश बंगलादेश, थनापाप्न**
**चत्रापुर पोष्ट तारावारिया।**

**को विरुद्ध**

**मुद्दा: मानव बेचबिखन ओसारपसार तथा जबरजस्ती करणी**

**छोटकरी विवरण:-** जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (५६८) लाई बंगलादेशी नागरीक मो. उज्जल मिया समेतले काठमाण्डौमा रहेको गारमेन्टमा कपडा कटाईको काममा लगाईदिने भनी प्रलोभनमा पारी सन् २०२६ फेब्रुअरी २२ मा काठमाडौं ल्याई काठमाडौंको ठमेल एरियाको नाम खुल्न नसकेको होटलमा ४ दिन सम्म बन्धक बनाई राखी जवरजस्ती करणी गर्नुको साथै मोबाईलबाट उक्त कार्य गरेको भिडीयो समेत बनाई निजले भने अनुसारको काम नगरेमा उक्त भिडीयो सार्वजनिक गरिदिने धम्की देखाई काठमाण्डौ जिल्ला तार्केश्वर नगरपालिका वडा नं.५ मा रहेको YOUNG FOREVER PVT.LTD मा लगी बन्धक बनाई सोही गार्मेन्टमा बिहानको ०७:०० बजेदेखि राती २२:०० बजेसम्म बिना पारिश्रमिक कपडा कटाईको काममा लगाउनुको साथै उक्त गार्मेन्टमा काम गर्ने मानिक खान नाम गरेको बंगलादेशी नागरिकबाट पटक पटक यौन शोषण समेत गर्न लगाएको भन्ने व्यहोराको मानव बेचबिखन ओसारपसार तथा जबरजस्ती करणी मुद्दा अनुसन्धानको सिलसिलामा मिति २०८३/०३/१० गते पक्राउ परि आएका प्रतिवादी मो. उज्जल मिया र ऐ.१५ गते पक्राउ परी आएका प्रतिवादी मानिक खानलाई उल्लेखित मुद्दा अनुसन्धान पश्चात सम्मानित काठमाडौं जिल्ला अदालततमा पेश हुँदा सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८३/०४/०४ गतेको थुनछेक आदेशले प्रतिवादीहरू मो.उज्जल मिया र मानिक खानलाई पुर्पक्षको लागि थुनामा पठाइएको ।

**(३)वर्ष ५२ को दिपक भन्ने दिर्ग बहादुर श्रेष्ठ,**
**स्थायी वतन: जिल्ला सिन्धुपाल्चोक, चौतारा साँगाचोकगढी**

**को विरुद्ध**

**मुद्दा: मानव बेचबिखन ओसारपसार**

**छोटकरी विवरण:-** परिवर्तित नाम २६ बबरमहल (५६६) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिर्ग बहादुर श्रेष्ठ समेत भएको जिल्ला काठमाडौं,काठमाडौं महानगरपालिका वडा नं.१६ पकनाजोलमा प्रतिबादीहरुले संचालन गर्ने गरेको Beauty and Health Spa मा मसाज गर्नको लागी बनाईएको विभिन्न कोठाहरुमा मिति २०८२ साल पौष महिनाको पहिलो पहिलो हप्तादेखि मिति २०८२ साल माघ महिनाको अन्तीम हप्तासम्म जाहेरवालीलाइ विभिन्न किसिमको आश्वासन तथा डरत्रासमा पारी जबरजस्ती वेश्यावृत्तिमा लगाएको बेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धानको सिलसिलामा मिति २०८३/०३/११ गते पक्राउ परि आएका प्रतिवादीहरू दिपक भन्ने दिर्ग बहादुर श्रेष्ठलाई उल्लेखित मुद्दा अनुसन्धान पश्चात

सम्मानित काठमाडौँ जिल्ला अदालततमा पेश हुँदा सम्मानित काठमाडौँ जिल्ला अदालतको मिति २०८३/०४/०५ गतेको थुनछेक आदेशले प्रतिवादी दिपक भन्ने दिर्ग बहादुर श्रेष्ठलाई पुर्पक्षको लागि थुनामा पठाइएको ।

**(४) वर्ष ४३ की सुविना गुरूङ भन्ने राममाया गुरूङ,**

**स्थायी वतन:- ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ४ रुम्जाटार**

**को विरुद्ध**

**मुद्दा: मानव बेचबिखन तथा ओसारपसार**

**विवरण:-** प्रतिवादी सुविना गुरूङ भन्ने राममाया गुरूङले जाहेरवाली परिवर्तित नाम २६ बबरमहल (५६४) लाई कतार देशमा होटलमा काममा लगाईदिन्छु,ओभरटाईम सहित मासिक ८०,०००/- (असी हजार) सम्म आम्दानी हुन्छ, खाने बस्ने व्यवस्था कम्पनीलेनै गर्छ , सबै राम्रो हुन्छ भनि विश्वास दिलाई आर्थिक प्रलोभनमा पारी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट भारतको दिल्ली हुँदै दिल्लीबाट कतार भनि मालदिभ्स पुर्‍याई मालदिभ्सको नाम थाहा नभएको होटल साहुलाई रू.४,००,०००/- (चार लाख) मा बिक्री गरी उक्त होटलमा बन्धक बनाई शारिरीक तथा मानसिक यातना दिई होटल भित्र सञ्चालित स्पामा मसाज तथा वेश्याबृत्तीको कार्यमा लगाएपछि जाहेरवालीले यस्तो काम गर्दिन नेपाल फिर्ता पठाई दिनु भन्दा तिमीलाई हामीले रु.४ लाखमा किनेर ल्याएको हो हामीले किनेको पैसा फिर्ता गर तव मात्र तिमीलाई नेपाल जान दिन्छौ भनेपछि उक्त होटलको स्पामा मसाज गर्न आएका भारतीय मुलका भारतिय पर्यटकको सहयोगमा मिति २०८३/०१/१९ गते नेपाल फर्किन सफल भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०८३/०३/१३ गते पक्राउ परि आएका प्रतिवादी सुविना गुरूङ भन्ने राममाया गुरूङलाई उल्लेखित मुद्दा अनुसन्धान पश्चात सम्मानित काठमाण्डौ जिल्ला अदालततमा पेश हुँदा सम्मानित काठमाण्डौ जिल्ला अदालतको मिति २०८३/०४/०६ गतेको थुनछेक आदेशले प्रतिवादी सुविना गुरूङ भन्ने राममाया गुरूङलाई पुर्पक्षको लागि थुनामा पठाइएको ।

**मिति: २०८३/०४/०७ गते ।**
**ने.स.११४६**

**सूचना अधिकारी**
**(राजन लिम्बु)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**